आज मिति २०८२ पुस २५ गते बिहान ८:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | विर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

## मिति २०८२ पुस २५ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. १

सुशासन तथा संस्थागत विकास समितिबाट मस्यौदा तयार भई पेश भएको थलारा गाउँ सभा सचिवालय स्थापना र कार्यसञ्चालन कार्यविधि, २०८२ स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा ८ बमोजिम गाउँ सभामा पेश गर्न स्वीकृति दिने।

निर्णय नं. २

सुशासन तथा संस्थागत विकास समितिबाट मस्यौदा तयार भई पेश भएको थलारा गाउँपालिका लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा ८ बमोजिम गाउँ सभामा पेश गर्न स्वीकृति दिने।

निर्णय नं. ३

सुशासन तथा संस्थागत विकास समितिबाट मस्यौदा तयार भई पेश भएको थलारा गाउँपालिकाको बेरुजु फर्स्यौट कार्यविधि, २०८२ स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा ८ बमोजिम गाउँ सभामा पेश गर्न स्वीकृति दिने।

निर्णय नं. ४

यस गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत सबै कर्मचारीहरूको मिति २०८२ माघ १ देखि २०८३ असार मसान्त सम्मका लागि करार सम्झौता प्रमुख प्रशासकीय अधिकृतले नवीकरण गर्ने।

निर्णय नं. ५

थलारा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रममा केही कार्यक्रम कार्यान्वयन हुन नसक्ने, केही अतिआवश्यक कार्यक्रमको लागि बजेट अपुग हुने र केही बजेटको ब्रेकडाउन गरी क्रियाकलाप स्पष्ट हुने गरी बजेट संशोधन र रकमान्तर गर्न आवश्यक भएकोले यस अघि २०८२।३।१६ गते गाउँसभाबाट पारित बजेटमा आन्तरिक आय र अल्या तर्फ कुल ४० लाख आयव्यय थप वृद्धि गरी बजेट संशोधन तथा रकमान्तरको प्रस्ताव गाउँ सभामा पेश गर्ने।

निर्णय नं ६

थलारा गाउँपालिका अन्तर्गत दंगाजी स्वास्थ्य चौकीमा कार्यरत जनस्वास्थ्य निरीक्षक छैठौं श्री रचना बुढा (क.स.नं. २१०७९९) लाई पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत जनस्वास्थ्य बिषयमा स्नातक (BPH) अध्ययनका लागि निवेदन पेश गर्नु भएकोले मिति २०८२ माघ ११ देखि २०८६ माघ १० सम्मको तलबी अध्ययन विदा स्वीकृतिका लागि प्रदेश सरकार मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सिफारिस गर्ने।

निर्णय नं ७

गत आव २०८१/८२ को यथार्थ आयव्यय, चालु आव २०८२।८३ को संशोधित अनुमानका आधारमा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ का लागि संचित कोषमा हुने देहाय बमोजिमको आय व्ययको प्रक्षेपण स्वीकृत गरी संघीय अर्थ मन्त्रालय र प्रदेश आर्थिक मामिला मन्त्रालयमा पठाउने निर्णय गरियो।

| आय तथा व्यय शिर्षक | | आ व २०८१/८२ को यथार्थ | आ व २०८२/८३ को संशोधित | आ व २०८३/८४ को प्रक्षेपण | कैफियत |
|---|---|---|---|---|---|
| संघीय सरकारबाट प्राप्त हुने अनुदान | | | | | |
| १३३११ समानिकरण अनुदान | नेपाल सरकार नगद अनुदान | ९६०७२ | १०५४०० | १२१२१० | |
| १३३१५ बिसेश अनुदान | नेपाल सरकार नगद अनुदान | ५०३७ | १४१०० | १६२१५ | |
| १३३१७ सम्पुरक अनुदान | नेपाल सरकार नगद अनुदान | ० | ७७०० | ९५०० | |
| १३३१३ शसर्त अनुदान पुँजीगत | नेपाल सरकार नगद अनुदान | ४९८० | ४००० | ४६०० | |
| १३३१२ शसर्त अनुदान चालु | नेपाल सरकार नगद अनुदान | १८८०७० | २११२०० | २४२८८० | |
| प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | | | ० | | |
| १३३११ समानिकरण अनुदान | प्रदेश सरकार नगद अनुदान | ९५९९ | ९९८७ | ११५०० | |
| १३३१५ बिसेश अनुदान | प्रदेश सरकार नगद अनुदान | ५७१४ | ७५०० | ८६२५ | |
| १३३१७ सम्पुरक अनुदान | प्रदेश सरकार नगद अनुदान | ३६६० | ९५०० | १०९२५ | |
| १३३१२ शसर्त अनुदान चालु | प्रदेश सरकार नगद अनुदान | १२९ | ० | १५०० | |
| १३३१३ शसर्त अनुदान पुँजीगत | प्रदेश सरकार नगद अनुदान | ७२८० | ५६०० | ६४४० | |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम | १३८८ | ५०० | १४०० | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मू अ कर | | ५४१२८ | ६२११९ | ८६८०० | |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | २३३६७ | २०७०६ | | |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | १५१८ | २४६२ | २८३२ | |
| ११३१३ सम्पति कर | आन्तरिक श्रोत | २ | २१० | २३१ | |
| ११३१४ भुमिकर/मालपोत | | ५८९ | ५०० | ५५० | |
| ११३२१ घरबहाल कर | | ३०१ | १८० | १९८ | |
| १४१५१ सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | ४७८ | ७०० | ७७० | |
| १४२२१ न्यायिक दस्तूर | | १ | २ | ३ | |
| १४२२४ परीक्षा शुल्क | | १४२ | १०० | १०० | |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | | २२० | २०० | २२० | |
| १४२४२ नक्सापास दस्तुर | | ० | ५० | ५५ | |
| १४२४३ सिफारिश दस्तुर | | ७२० | ८०० | ८८० | |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | | २०२ | २०० | २२० | |
| १४२४५ नाता प्रमाणित दस्तुर | | १८ | २७ | ३१ | |
| १४२४९ अन्य दस्तुर | | १९८ | ३० | ३३ | |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | १७७ | २५० | २७५ | |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | | ६०२ | ८०० | ८८० | |
| १४३१३ धरौटी सदरस्याहा | | ० | १०० | ११० | |
| १४५२९ अन्य राजश्व | | ६५१ | ७०० | २२० | |
| १४६११ व्यवसाय कर | | ३०७ | ४०० | ४४० | |
| १५१११ बेरुजु | | २२९२ | ५०० | ७५० | |
| गत वर्षको मौज्दात | बैंक मौज्दात | १४५८१ | १०५०० | ० | |
| | जम्मा आय | ४२२४२२.६९ | ४७७०२३ | ५३०३१३ | |
| चालु खर्च तर्फ | | २९७५३६ | ३४१८३२ | ३६२०४३ | |
| पुजीगत तर्फ | | ११४५४० | १३५१९१ | १७५००० | |
| | जम्मा व्यय | ४१२०७६ | ४७७०२३ | ५३७०४३ | |

निर्णय नं. ८

राष्ट्रिय योजना आयोगबाट मिति २०८२।८।२६ गते प्रकाशित समपुरक अनुदान र विशेष अनुदान तर्फको आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार आगामी आर्थिक वर्ष २०८३।८४ का लागि देहायका आयोजनाको प्रस्ताव पेश गर्ने साथै समपुरक तर्फका आयोजनाको हकमा लागतको २० प्रतिशत रकम गाउँपालिकाको स्रोतबाट बेहोर्ने प्रतिबद्धता गरियो।

समपुरक अनुदान तर्फका आयोजनाः

| क स | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय भवन निर्माण (पूर्णचन्द्रोदय मा.वि., लक्ष्मी मा.वि., शान्ति मा.वि., त्रिभुवन मा.वि.) | थलारा १,३,४ र ९ | |
| २ | मालुमेला स्वास्थ्य चौकी निर्माण | थलारा ९ | |
| ३ | राष्ट्रिय विद्युत लाइन विस्तार | थलारा गाउँपालिका | |

विशेष अनुदान तर्फका आयोजनाः

| क स | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक गुणस्तरका लागि SMART–School थलारा | थलारा गाउँपालिका भरि | |
| २ | आर्थिक विकासका लागि सिचाई आयोजना निर्माण(विस्खेत, पिखेत, गौर दिपिल, श्रीजिउला, तेडीमाणु बस्ती, मालुमेला लिफ्ट सिचाइ) | थलारा गाउँपालिका | |
| ३ | कोल्ड स्टोर निर्माण थलारा | थलारा गाउँपालिका | |

निर्णय नं. ९

आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन भई निर्माण सम्पन्न भएका सम्पूर्ण आयोजनाहरुलाई फरफारक गर्ने। तथा आर्थिक वर्ष २०८१/८२ को आय व्यय विवरण तथा बार्षिक प्रगति प्रतिवेदन गाउँ सभामा पेश गर्न उपाध्यक्ष श्री राम बहादुर खातीलाई अनुमति दिने।